# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः ३ | संख्याः ७ | प्रकाशित मितिः २०७६/०८/१९

## भाग-१

# रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६ मा संशोधन
## (संशोधित अंशमात्र)

**रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६ मा तल लेखिए बमोजिम संशोधन भएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६ (संशोधित अंश)

रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७६/०८/१६

प्रस्तावनाः रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६ मा तपसिल बमोजिम हुने गरी संशोधन गरिएको छ।

१. विनियोजन ऐन, २०७६ दफा १ मा तपसिल बमोजिम हुने गरी संशोधन गरिएको छ।

उप दफा (१) यस ऐनको नाम "रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" (संशोधन सहित) रहेको छ।

उपदफा (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. विनियोजन ऐनको दफा २ मा तपसिल बमोजिम संशोधन गरिएको छ।

आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः "(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३५,६९,१८,०००।- (अक्षेरुपी पैंतीस करोड उनान्सत्तरी लाख अठारहजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।" को सट्टामा "(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,७९,४८,०००।- (अक्षेरुपी छयालीस करोड उनासी लाख अठ्चालीस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ" भन्ने हुने गरी संशोधन प्रस्ताव गरिएको छ।

३. विनियोजन ऐन २०७६ को अनुसूची-१ मा तपसिल बमोजिम हुने गरी संशोधन गरिएको छ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम (रु. हजारमा)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ९९५७४.९५ | २५१२७३.०५ | - | ३५०८४८ |
| २ | | वडासमिति | - | - | - | - |
| ३ | | विषयगत शाखा | १०२७०६ | १४३९४ | - | ११७१०० |
| ४ | | ऋणको सावाँव्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर ऋण) | - | - | - | - |
| जम्मा | | | २०२२८०.९५ | २६५६६७.०५ | | ४६७९४८ |

**आज्ञाले,**

**डिक प्रसाद दाहाल**

**रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत**